## बैठक सञ्चालन कार्यविधि-२०७४

### अनुसूची-१

### बुदा नं. १२.२ संग सम्बन्धित

**बैठक संख्या: १२९**

**मिति: २०८२/०७/१६**

**अध्यक्षता: श्री ऋषिकेशव बुढामगर**

**कार्यपालिकाका पदाधिकारीहरू:**

| | | |
|---|---|---|
| १. | श्री ऋषिकेशव बुढामगर | अध्यक्ष |
| २. | श्री सर्मिला बुढामगर | उपाध्यक्ष |
| ३. | श्री गणेश वि.क. | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |
| ४. | श्री हिरा प्रसाद बुढामगर | १ नं. वडा अध्यक्ष |
| ५. | श्री अभिलाषा रोका | २ नं. वडा अध्यक्ष |
| ६. | श्री जनक बुढा | ३ नं. वडा अध्यक्ष |
| ७. | श्री हिक्मत घर्तीमगर | ४ नं. वडा अध्यक्ष |
| ८. | श्री बुद्धि बहादुर घर्ती | ५ नं. का.वा. वडा अध्यक्ष |
| ९. | श्री सुन कामी | कार्यपालिका सदस्य |
| १०. | श्री रामकली विश्वकर्मा | कार्यपालिका सदस्य |
| ११. | श्री पुन बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य |
| १२. | श्री सुमित्रा सुनार | कार्यपालिका सदस्य |
| १३. | श्री बन्दना वि क | कार्यपालिका सदस्य |
| १४. | श्री जुन कुमारी पुन | कार्यपालिका सदस्य |

**अन्य उपस्थिति:**

| | | |
|---|---|---|
| १. | तुल बहादुर पुन | जनस्वास्थ्य निरिक्षक |

२. भिमसेन बुढामगर — सूचना प्रविधि अधिकृत

३. सरोज रोका मगर — कार्यालय सहयोगी

**प्रस्तावहरू:**

१. बाटो सरसफाई सम्बन्धमा ।
२. नेपाल टेलिकमको नेटवर्क र केन्द्रिय प्रसारण लाईन सम्बन्धमा ।
३. ४ नं वडा कार्यालयको जग्गा प्राप्ति सम्बन्धमा ।

**निर्णयहरू:**

प्रस्ताव नं १ माथि छलफल गर्दा थबाङ गाउँपालिका अन्तर्गतका विभिन्न वडाहरुमा वर्षातको समयमा पहिरो गई अवरुद्ध भएका सडकहरुको सरसफाई गर्नका लागि मन्जुरी कन्स्ट्रक्सन प्रा.लि., थबाङ गा.पा.-३, रोल्पासँग सम्झौता भई सकेकाले मिति २०८२ कार्तिक ३० गतेभित्र नियमानुसार ५ बटै वडा भित्रका सडकहरुको सरसफाई सम्पन्न गराउन निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं २ माथि छलफल गर्दा नेपाल टेलिकमको नेटवर्क र केन्द्रिय विद्युत प्रसारण लाइन जडान तथा सञ्चालनका लागि गाउँपालिका अध्यक्ष श्री ऋषिकेशव बुढा मगरको नेतृत्वमा तपसिलको कार्यदल गठन गरी जिल्ला समन्वय समितिको कार्यालय र जिल्ला प्रशासन कार्यालय, लिबाङ, रोल्पासँग समन्वय गरी नेपाल विद्युत प्राधिकरण र नेपाल दुरसञ्चार कार्यालय, लिबाङ, रोल्पामा डेलिगेसन गई ज्ञापनपत्र बुझाउने निर्णय गरियो ।

तपशिल

| | |
|---|---|
| १. श्री ऋषिकेशव बुढा मगर | अध्यक्ष |
| २. श्री सर्मिला बुढा मगर | उपाध्यक्ष |
| ३. श्री गणेश वि क | प्रमुख प्रशासकीय अधिकृत |
| ४. श्री हिरा प्रसाद बुढा मगर | १ नं वडा अध्यक्ष |
| ५. श्री अभिलाषा रोका | २ नं वडा अध्यक्ष |
| ६. श्री जनक बुढा | ३ नं वडा अध्यक्ष |
| ७. श्री हिक्मत घर्ती मगर | ४ नं वडा अध्यक्ष |
| ८. श्री बुद्धि बहादुर घर्ती | ५ नं का.वा. वडा अध्यक्ष |
| ९. श्री पुन बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य |

प्रस्ताव नं ३ माथि छलफल गर्दा यस थबाङ गाउँपालिकाको मिति २०८२।०५।०९ गतेको सूचना बमोजिम थबाङ गाउँपालिकाको ४ नं वडा कार्यालयलाई सिरुगे घर्तीको नाति गवन घर्तीको छोरा रोल्पा साविक उवा गा.वि.स. वडा नं ७ परिवर्तित थबाङ गाउँपालिका वडा नं ४ बस्ने बहादुर सिं घर्तिले आफ्नो नाममा दर्ता श्रेस्ता रहेको रोल्पा थबाङ गाउँपालिका वडा नं ४ साविक उवा गा.वि.स. वडा नं ७ मा पर्ने कित्ता नं १९५९ को क्षेत्रफल ६७५ वर्ग मिटर पुरै र कित्ता नं १९६० को क्षेत्रफल २२१० वर्गमिटर मध्ये ८८५ वर्ग मिटर गरी कुल जम्मा १५३० वर्ग मिटर निशुल्क दान दिन चाहेको हुँदा उक्त जग्गा रेजिष्ट्रेशन पारित गर्नका लागि प्रतिनिधि खटाई पठाउने र उक्त वडा कार्यालय सरकारी भएको हुँदा राजश्व समेत मिनाहा गर्नका लागि समेत सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।